# स्थानीय राजपत्र

बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २ बेथानचोक , काभ्रे २०८१ कात्तिक ०१ गते , २०८१ साल

## भाग- २

### बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोक

## सूचना

बेथानचोक गाउँपालिकाको कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

**बेथानचोक गाउँपालिका**

**विपद् पश्चात पुर्ननिमार्ण कार्य सञ्चालन सम्बन्धी निर्देशिका, २०८१**

# बेथानचोक गाउँपालिका
# विपद् पश्चात पुर्ननिमार्ण कार्य सञ्चालन सम्बन्धी निर्देशिका, २०८१

## प्रस्तावना

विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक निजी तथा व्यक्तिगत सम्पत्ति प्राकृतिक एवं सास्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण साथै तत्काल आईपरेको प्राकृतिक विपद् लगतै पुर्ननिर्माण कार्यलाई प्रभावकारी रुपले सञ्चालन गर्न वाञ्छनीय भएकोले विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ नेपालको संविधानको धारा २२६ अनुसुचि ८ को २० र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो विपद् पश्चात पुर्ननिर्माण कार्य सञ्चालन सम्बन्धी निर्देशिका २०८१ बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम विपद् पश्चात पुर्ननिर्माण कार्य सञ्चालन सम्बन्धी निर्देशिका,२०८१ रहेको छ ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

(क) “गाउँपालिका” भन्नाले बेथानचोक गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बेथानचोक गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “कार्यालय” भन्नाले बेथानचोक गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(घ) “वडा कार्यालय” भन्नाले गाउँपालिकाको वडा कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) “अध्यक्ष” भन्नाले बेथानचोक गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(च) “उपाध्यक्ष” भन्नाले बेथानचोक गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(छ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले बेथानचोक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) “प्राकृतिक विपद्” भन्नाले भूकम्प, असिना, अतिबृष्टि, अनाबृष्टि, बाढी, पहिरो तथा खडेरी, हुरी बतास, चटयाङ्ग, डँढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न हुने जुनसुकै विपद् सम्झनु पर्छ ।

(झ) “विपद” भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जनधनको क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकुल असर पुऱ्याउने प्राकृतिक वा गैह्रप्राकृतिक विपद् सम्झनु पर्छ ।

(ञ) “विपद व्यवस्थापन” भन्नाले विपदपूर्व, विपद्को समय र विपद्पश्चात गरिने कार्य जस्तै; न्युनीकरण, पूर्वतयारीका कार्य,विपद् प्रतिकार्य, र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापलाई सम्झनुपर्छ ।

(ट) “विपद् पुनर्लाभ” भन्नाले विपद् पश्चात गरिने पुनस्र्थापना तथा पुनर्निर्माण सम्बन्धी कार्यलाई सम्झनु पर्छ ।

(ठ) “विपद् प्रतिकार्य” भन्नाले विपदको समयमा गरिने कार्य सम्झनु पर्छ । यस अन्तर्गत विपद्का घटना लगत्तै गरिने उद्धार,खोजीकार्य र आपत्कालीन राहतसँग सम्बन्धित कामलाई बुझाउ’छ ।

**परिच्छेद २**

**विपद् उद्दार तथा स्रोत व्यवस्थापन**

२.१ तत्काल आईपरेको प्राकृतिक तथा गैरप्राकृतिक विपद् वा विपदजन्य अवस्थाबाट बच्न तथा उद्दार गर्न गाउँपालिकाबाट आर्थिक स्रोत उपलब्ध गराईनेछ ।

२.१ विपद्को समयमा तत्काल मानवीय उद्दार र निर्माणजन्य कार्य गर्नुपर्ने हुदाँ उक्त कार्य गर्दा के कती लागत इस्टिमेट  हुने भन्ने यकिन गर्न तत्काल सम्भव नभएकोले पुर्ननिर्माण पश्चात मात्र कामको वडा समिति÷वडा विपद् समितिको निर्णय र वडाको सिफारिस सहितको निवेदन बिल भरर्पाइ, लगसिट, प्राविधिकले कामको घण्टा (समयावधि) खुलाएको प्रमाणित गरेको भत्रगष्झभलत चभअयचम दययप को आधारमा भुक्तानी दिने कार्य गर्नुपर्दछ ।

२.३ प्राकृतिक विपद्को समयमा पहिले नै निर्माण भई सञ्चालनमा रहेका भौतिक संरचना विपद् पश्चात क्षती भई अवरुद्ध भएका सिचाँई पूर्वाधार, नदि नियन्त्रण विस्तार, बाली संरक्षण, भौतिक संरचना संरक्षण, टोलबस्ती संरक्षण, बाढी पहिरो नियन्त्रण, मोटर बाटो लगायत अन्य शाखा बाटो निर्माण गर्दा लागेको इन्धन र मेसिनरी साधनको खर्च गाउँपालिकाले व्यहोर्नेछ ।

**परिच्छेद ३**

**तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिनेः**

३.१ विशेष परिस्थिति सृजना भई प्रभावित क्षेत्रमा प्रतिकार्य गर्न तथा विद्यमान प्रकोपका रोकथाम गरी थप क्षति हुन नदिनका लागि तत्काल राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक परेमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी ब्यवस्था बमोजिम गाउँकार्यपालिकाले खरिद वा निर्माण तथा पुर्ननिर्माण सम्बन्धि कार्य गर्न सक्नेछ ।

**परिच्छेद ४**

**जनशक्ति मेसिन ढुवानी खाना खाजा इन्धनको भुक्तानी**

४.१ विपद्‌को समयमा भौतिक संरचनाहरुको निर्माण कार्य गर्दा प्रयोग भएका डोजर लगायत अन्य मेसिनरीमा लागेको इन्धनको भुक्तानी सम्बन्धित वडाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट टोकन प्रणाली मार्फत इन्धन प्राप्त गरेको विवरण र विल भरर्पाइका आधारमा सम्बन्धित पेट्रोल पम्पलाई भुक्तानी दिईनेछ।

**परिच्छेद ५**

**रकम भुक्तानीको लागि चाहिने आवश्यक कागजात**

५.१ निर्माण कम्पनी वा व्यवसाय कम्पनीले बेथानचोक गाउँपालिकाको विपद्‌जन्य कार्यमा प्रयोग गरेका डोजर,मेसिनरी साधनहरु के कती समयसम्म चलेको हो सो को विवरण खुल्ने कागजात वडा कार्यालयले गाउँपालिका कार्यालयमा पेश गर्नुपर्दछ ।

५.२ वडा विपद्‌ समितिले प्रमाणित गरेको निर्माण कार्य गर्दा डोजर के कती प्रतिघण्टा चलेको हो सो को यकिन लगसिट सहितको विवरण, ढुवानी, खाजा, खाना, लगाएत अन्य विवरण पेश गर्नु पर्दछ ।

५.३ सम्बन्धित वडाले कार्यसम्पादनको विवरण खुल्ने कागजात पेश गरेपछि गाउँ कार्यपालिका बाट उक्त पेश भएको कार्यसम्पादन विवरणलाई अनुमोदन गरेपछि रकम भुक्तानी गर्नुपर्दछ ।

५.४ विपद्‌का कारण क्षती भएका पूर्वाधारको निर्माणमा लागेको खर्च तत्काल इस्टिमेट गर्न नसकिने अवस्थामा उक्त पूर्वाधार निर्माणमा लागेको भए पनि निर्माण सम्पन्न पश्चात खर्चको प्राविधिक पुष्टि हुनुपर्नेछ ।

**परिच्छेद ६**

**पुर्ननिर्माणको लागि हेभी इक्वीपमेन्ट (डोजर,स्काभेटर,ब्रेकर,बुलडोजर) को दररेट तोक्ने सम्बन्धमा**

६.१ यस गाउँपालिकामा सञ्चालित हुने मेशिनहरु दर कायम गर्दा संघीय सडक डिभिजन÷विभागको आधारमा (च्भाभचभलअभ) वार्ता मार्फत प्रतिघण्टाको दरले कायम गरिनेछ ।

६.२ इन्धनको सम्बन्धमा प्रचलित नेपाल आयल निगमको प्रकाशित दररेटको आधारमा प्रतिलिटरको दरले विल बमोजिम पालिकाद्धारा भुक्तानी गरिनेछ ।

**परिच्छेद ७**

**विविध**

८.ढुवानी

सम्बन्धित पेट्रोल पम्म वाट मेसिन भएको ठाउँसम्म इन्धन ढुवानी गर्दा लाग्ने खर्च वडाको सिफारिसमा पालिकाद्धारा भुक्तानी गरिनेछ ।

बाढि पहिरोबाट सिर्जित माटो रोडा ढुंगा, ग्रावेल लगाएतका सामाग्री ढुवानी गरी सम्बन्धित स्थानमा ढुवानी गरेको खर्च वडाको निर्णय सिफारिस बमोजिम पालिकाले भुक्तानी गर्नेछ ।

९.खाना

विपद व्यवस्थापनको लागि संचालनमा रहेका मेसिन ढुंवानी साधन लगाएत सहयोग गर्ने व्यक्तिलाई खाजा नास्ताको व्यवस्था वडा मार्फत गरि वडाको निर्णय र सिफारिस बमोजिम पालिकाद्धारा भुक्तानी गरिनेछ।

१०.जनशक्ती

जनशक्ती प्रयोग भई विपद् व्यवस्थापन सम्वन्धि गरिएका कार्यहरुको लागि वडामा भए वडा समितिको र पालिका मार्फत कार्य गरिरहेको भए कार्यपालिकाको निर्णयको आधारमा भुक्तानी गरिनेछ ।

११.सामग्री

पालिका वडा कार्यालयमा बाढि पसि संरचना फर्निचरमा क्षती पुगी कार्यायबाट प्रवाह हुने सेवा समेत रोकिएको अवस्थामा सामान्य कार्य र शाखा संचालन गर्न आवश्यक सामग्री सोको सोझो खरिद प्रकृया ÷छोटो खरिद विधिद्धारा खरिद गरि भुक्तानी गरिनेछ ।

१२.क्षती पुगेको सामग्रीको भुक्तानी

कार्यालय वा शाखा मार्फत खरिद गरी कार्यालयमा ल्याईएका सामान दाखिला गर्ने र भुक्तानी गर्न बाँकी रहेका समग्र सामान बाढि पश्चात क्षती पुगेको अवस्थामा स्थलगत सर्जमीन गरी सामानहरुको भुक्तानी विल भर्पाईको आधारमा भुक्तानी गरिनेछ ।

१३.गत आ.व को दायित्व

वाढी पहिरो पसी कार्यालयको आवश्यक कागजपत्रमा पुगेको क्षतीका कारण दायित्व सिर्जना भई यस आ.व मा भुक्तानी दिन बाँकी रहेका योजना तथा कार्यक्रमको सम्भव भए सम्मका कागजपत्रको विल भर्पाईको प्रतिलिपी राखी भुक्तानी दिने र कागजपत्र विल भर्पाई उपलब्ध हुन नसक्ने स्थितिमा वडाको सिफारिस कार्यपालिकाबाट निर्णय गरि विनियोजनको आधारमा कार्यालयद्धारा भुक्तानी गरिनेछ ।

१४. मिनाहा सम्बन्धी व्यवस्था

बाढी,पहिरो तथा अन्य विपद्जन्य कारणबाट नष्ट भएका कार्यालयका सामान गाउँसभाबाट मिनाहाका लागि कार्यपालिकाले समग्र प्रस्ताव पेश गर्नेछ भने भौतिक पूर्वाधार तर्फ क्षती पुगेका आयोजनाको विवरण गाउँसभाले पारित गरी आफ्नो संस्थागत सम्झनामा राखेछ ।

१५.नष्ट भएका कागजपत्र सम्बन्धमा

बाढी,पहिरो तथा प्राकृतिक विपद्जन्य कारणबाट नष्ट भएका कार्यालयका महत्वपूर्ण कागजातहरु कार्यापालिकाले जानकारीमा लिई गाउँसभामा पेश गर्नेछ । गाउँसभाले गरेको यो निर्णयको प्रतिलिपी सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने अवस्थामा पेश गरिनेछ ।

१६ संशोधन र व्याख्या गर्ने अधिकार

(क) यस निर्देशिकामा उल्लेखित कुराहरुमा कुनै विषयमा संशोधन वा निर्देशिकाको व्याख्या गर्न्नु परेमा सम्बन्धित प्रचलित ऐन नियमको परिधि भित्र रही गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरुका हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएका कुराहरुका हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(ग) निर्देशिकामा लेखिएका कुराहरु नेपालको संविधान, २०७२, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र तत् तत् सम्बन्धी नियमावली तथा प्रचलित अन्य कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

(घ) बचाउ यस निर्देशिकाको उद्देश्य तथा विषय क्षेत्रमा प्रचलित नेपाल कानून बमोजिम यस अघि विपद् सम्बन्धि भएका गरेका कार्यहरु यसै निर्देशिका बमोजिम भएको मानिनेछ।

आज्ञाले
राजेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत